चन्द्रागिरि नगरपालिका

बलम्बु, काठमाडौं

प्रदेश नं. ३

न्यायिक समितिबाट भएको

## निर्णय

नि. हो. ०२

**निवेदक/वादीको नाम, थर, ठेगाना**

देवीलाल अधिकारीको नाति ऋषिराम अधिकारीको छोरा जिल्ला नवलपुर कावासोती नगरपालिका वडा नं. १७ घर भएका वर्ष ४२ को केशवप्रसाद अधिकारी

(मो.नं. ९८५७०२७७२४)

**विपक्षी/प्रतिवादीको नाम, थर, ठेगाना**

काशीनाथ भुर्तेलको नाति, भवनाथ भुर्तेलको छोरा च.न.पा. वडा नं. २ बस्ने वर्ष ६२ को केदारप्रसाद भुर्तेल (मो.नं. ९८४९४५६०१९)

**वादीको साक्षी**

क) च.न.पा. वडा नं. ५ वस्ने वर्ष ३५ को रमेश लामिछाने ........................... १

ख) ऐ.ऐ. वस्ने वर्ष ५० को सूर्यबहादुर महर्जन ..................................... १

ग) का.म.पा. वडा नं. १४ वस्ने वर्ष ३८ की तारादेवी डंगोल ........................... १

**कागज प्रमाण**

क) नागरिकताको फोटोकपी थान ...........१

ख) जग्गाधनी प्रमाणपत्रको फोटोकपी थान १

ग) अधिकृत वारेशनामाको फोटोकपी थान १

घ) तिरो तिरेको रसिदको फोटोकपी थान.. १

ङ) नक्साका ब्लुप्रिन्ट सक्कलै थान........... १

च) नापी कार्यालय, कलंकीको रेखाङ्कन गर्ने च.नं. ३२१६ मिति २०७५।१।१४ को पत्रको प्रतिलिपि थान ................................ १

छ) च.न.पा.को चार किल्ला प्रमाणित च.नं. ५५१९ को प्रतिलिपि थान ................ १

**प्रतिवादीको साक्षी**

क) का.जि. च.न.पा. वडा नं. २ वस्ने वर्ष ४२ को विक्रम बस्नेत ......................... १

ख) ऐ.ऐ. वस्ने वर्ष ६३ को राजन वस्नेत..... १

ग) ऐ.ऐ. बस्ने वर्ष ४३ को लक्ष्मण सिग्देल.. १

**कागज प्रमाण**

क) नागरिकताको फोटोकपी थान ........... १

ख) पुनरावेदन अदालत, पाटनको रिट नं. ०७२-WO-०३७५ को निषेधाज्ञा मुद्दा खारेज गरेको निर्णय नं. ८०७ मिति २०७६/०२/१२ को फैसलाको प्रतिलिपी थान ........................................ १

ग) पुनरावेदन अदालत, पाटनको शु.फौ.नं. ०७२-FJ-०१०६ को आदेशको अपहेलना गरेको मुद्दा खारेज गरेको निर्णय नं. ८०७ मिति २०७३।०२।१२ को फैसलाको प्रतिलिपि थान .............................. १

घ) पुनरावेदन अदालत, पाटनको च.नं. ३३१६ मिति २०७३।०२।३१ को फैसलाको जनाउ पुर्जी थान ....................................... १

ङ) घर जग्गाको वस्तुगत स्थिति देखिने फोटो थान ........................................... ४

चन्द्रागिरि नगरपालिका नगर कार्यपालिकाको कार्यालय बलम्बु, काठमाडौं ३ नं. प्रदेश, नेपाल

न्यायिक समितिबाट बुझेको साक्षी ...........

प्रमाण ...................

**विवादको विषय : जग्गाधनि पूर्जा अनुसारको जग्गा छुट्याई चलन चलाई पाऊँ ।**

दर्ता नं. : ८७८/१०३१/४

**वादीको दावीको संक्षिप्त व्यहोरा :**

म वादी केशवप्रसाद अधिकारीले साविक वाडभञ्ज्याङ्ग २(ख) कि.नं. ४५९ क्षेत्रफल ०-४-३-० र ऐ. कि.नं. ४९४ क्षेत्रफल ०-१५-२-० को जग्गा मैले देवेन्द्र देवकोटासँग मिति २०७५।१०।२३ मा हक हस्तान्तरण रजिष्ट्रेशन पास गर्ने प्रयोजनार्थ अधिकृत वारेश गरी लिएकोमा हालसम्म उक्त जग्गा हालसावि भई नसकेको अवस्थामा मैले मिति २०७५।१।१४ गते सरकारी अमिनले जग्गा छुट्याउन जाँदा संधियार विपक्षी केदारप्रसाद भुर्तेल लगायतका अन्यायीवालाहरुले मलाई गालीगलौज गरी डर, धाक, धम्की, हुल हुज्जत, गाली बेइज्जत गरी सरकारी अमिनलाई लिई आफ्नो जग्गामा नापनक्सा गर्न जाँदा अवरोध खडा गरी प्रचलित कानुनको प्रतिकूल हुने कार्य गरी नेपालको संविधानको मोलिक हक र सम्पत्तिको हक धारा २५ को बर्खिलाप, मुलुकी देवानी संहिता ऐन, २०७४ र मुलुकी अपराध संहिता ऐन, २०७४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ एवं अन्य प्रचलित ऐन, नियम कानुन, निर्देशिका विधि र प्रकृया विपरित हुने कार्य गर्नु भएको हुँदा निज अन्यायीवालालाई निवेदनको साथ जोडी म पिडितलाई क्षतिपूर्ति सहितको न्याय पाउन अनुरोध छ ।

**प्रतिवादीको प्रतिदावीको संक्षिप्त व्यहोरा**

१. उजुरीकर्ता वादीको उजुरी दावीका सम्बन्धमा फिराद अध्ययनबाटै व्यहोरा अवगत हुने भएकोले यहाँ पुनरुक्ति गरिएको छैन, तथापी निजको अवलोकन गर्दा उजुरीकर्ताले देवेन्द्र देवकोटाको नाममा भएको का.जि. वाडभञ्ज्याङ्ग गा.वि.स. वडा नं. २(ख) कि.नं. ४५९ र ४९४ को जग्गा छुट्याउन रेखाङ्कन गर्ने सरकारी अमिन सहित उपरोक्त जग्गामा जाँदा म प्रतिवादकर्ता लगायतले गाली गलौज गरी डर धाक धम्की दिई जग्गा रेखाङ्कन गर्न अवरोध नेपाल कानुनको प्रतिकूल हुने कार्य गरी संविधानको मौलिक हक र सम्पत्तिको हक, धारा २५ को बर्खिलाप, मुलुकी देवानी संहिता ऐन, २०७४, मुलुकी अपराध संहिता ऐन, २०७४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ एवं अन्य प्रचलित ऐन, नियम, कानुन, निर्देशिका विधि र प्रक्रिया विपरितहुने कार्य गर्नु भएको हुँदा अन्यायीवालालाई यसै निवेदनको साथ जोडी क्षति पूर्ति सहितको न्याय पाउँ भन्ने मुख्य रुपमा देखिन्छ ।

२. साविकमा मेरो छोरा मदन भुर्तेलको नाममा दर्ता कायम रही निजको परलोक पश्चात् निजको श्रीमती मेरी बुहारी रञ्जिता भुर्तेल-१, नावालक नाती मन्दिप भुर्तेल-१, नावालक नातिनीहरू मालती भुर्तेल-१ र मन्दिरा भुर्तेल-१ समेत जना ४ को नाममा दर्ता कायम रहेको का.जि. वाडभञ्ज्याङ्ग गा.वि.स. वडा नं. २ख कि.नं. २४७ र १६१ को जग्गामा ध्याम्पेडोल वाडभञ्ज्याङ्ग सडक निर्माण ... अघि नै २०५४ सालभन्दा अघिदेखि नै

घरगोठ बनाई बसोवास गर्दै आएकोमा सो घर भत्किन गई सोही स्थानमा २०७२/०९/०५ भन्दा अघि नै एकतल्ले घर निर्माणसम्पन्न भई बसोवास गरी आएको र सो कि.नं. १६१ को नापी नक्सा तथा फिल्डमा समेत कुनै पनि तर्फ उपरोक्त विवादको कि.नं. ४५९ र ४९४ मा साँध नजोडिएको अवस्थामा कि.नं. ४५९ र ४९४ तत्कालिन साविक जग्गाधनी का.जि. च.न.पा. वडा नं. २ बस्ने लक्ष्मणविक्रम सुवेदीले मेरो छोरा कि.नं. २४७ र १६१ को तत्कालिन जग्गाधनी मदन भुर्तेलका विरुद्ध तत्कालिन पुनरावेदन अदालत, पाटनमा रिट नं. ०७२-WO-०३७५ को निषेधाज्ञा मार्फत घर बनाउने कार्य रोक्का गरी पाऊँ भनि रिट दर्ता गरेकोमा तत्कालको लागि सो रिटमा अन्तरिम अर्न्तकालिन आदेश समेत जारी भएकोमा निजले सोही रिटमा लगाउ हुने गरी अदालतको आदेशको अपहेलना गरेको विषयमा शु.फौ.नं. ०७२-FJ-०१०६ को थप मुद्दा समेत दर्ता गरेको तथा मेरो छोरा मदन भुर्तेललाई घरमा आई धाकधम्की दिई मानसिक यातना दिने सम्मको कार्य गरेकोले निजले सो मानसिक यातना सहन गर्न नसकी मिति २०७२।१२।२५ मा आत्महत्या गरेको हुँदा निजको हकमा उपरोक्त मुद्दाहरु मैले सकार गरी मुद्दाको पुर्पक्ष गर्दा निजहरुको भुठा फिराद दावि ठहर्न नसकी निषेधाज्ञा जारी नहुने र अदालतको आदेशको अपहेलना गरेको ठहर्न नसकी उपरोक्त दुवै मुद्दा तथा सोमा जारी भएको अन्तरिम अर्न्तकालिन आदेश समेत खारेज भएको र सो फैसलामा चित्त नबुझे ३५ दिनभित्र श्री सर्वोच्च अदालतमा पुनरावेदन गर्न जानु भनि निज साविक ज.ध. लक्ष्मणविक्रम सुवेदीको नाममा म्याद समेत जारी भई श्री पुनरावेदन अदालत पाटनको च.नं. ३३१६ मिति २०७३।२।३१ को पत्रबाट मलाई फैसलाको जानकारी समेत प्राप्त भएको थियो । साथै रिट निवेदक लक्ष्मणविक्रम सुवेदीसमेत उपरोक्त फैसलामा चित्त बुझाई फैसला स्वीकार गरी सोको उपर पुनरावेदन गर्न समेत नगई बसी आएको अवस्था थियो ।

३. यसरी पुनरावेदन अदालत पाटनबाट विवादका कि.नं. ४५९ र ४९४ का साविक ज.ध. लक्ष्मणविक्रम सुवेदीले दर्ता गरेको निषेधाज्ञा लगायतका निवेदन खारेज भएको, उक्त जग्गाहरुको साँध हाम्रो घरभएको जग्गामा जोडिएको अवस्था समेत नरहेको, घरमा कमाई गर्ने छोरा मदन भुर्तेलले समेत सोही तनाव सहन गर्न नसकी आत्महत्या गरिसकेको, घरमा अवला बुहारी र नावालक नाति, नातिनीमात्र भएको अवस्थामा, उपरोक्त कि.नं. ४५९ र ४९४ को जग्गाहरुको फिल्डमा विवाद रहेको र हाम्रो जग्गाबाट निजको जग्गा भरपाई हुन नसक्ने कुरा थाहा पाउँदा पाउँदै पनि लक्ष्मणविक्रम सुवदीले भू-माफियाको प्रलोभनमा परी उपरोक्त जग्गा भूमाफियाको समूहलाई विक्री गरेको र खरिद गरी लिनेले समेत सो सम्पूर्ण कुरा थाहा पाए तापनि हामीसँग हाम्रो घरजग्गा जर्वजस्ती खोसी आफूले भोगचलन गरिलिन्छु भनि खरिद गरी लिएको साथै हामीले निजहरुलाई उपरोक्त सम्पूर्ण कुराको जानकारी गराउँदा आफ्नो घरजग्गा जोगाउनु, हामी जतासुकै रुपैया खर्च गरी तिमीहरुको घरजग्गा खाई छाड्छौं, हामीलाई चिनेको छैनस् भन्ने समेतको जवाफ दिई उपरोक्त जग्गाहरु रजिष्ट्रेशन गराई लिएको सो पश्चात् पनि घरिघरि हाम्रो घरमा आई हामीलाई धाकधम्की दिने कार्य समेत जारी राखेको अवस्थामा अब पुन: पुनरावेदन अदालत पाटनबाट न्याय निरुपण भई सोको उपर श्री सर्वोच्च अदालतमा पुनरावेदन जाने म्याद समेत व्यतित भई अब सो विषयमा पुन: मुद्दा दर्ता गर्न हकदैया समेत नरहेको र क्षेत्राधिकार विहिन विषयमा पुन: जग्गा अन्य व्यक्तिको नाममा सारी घुसाई फिराई एउटै विषयमा वर्षौंसम्म एउटा न्यायिक निकायबाट न्याय निरुपण भएको विषयमा बिना कुनै हकदैया उजुरी दर्ता भई मेरो नाममा म्याद जारी भएको अवस्थामा यसरी निरुपण भई सकेको विषयमा पुन: उजुरी दर्ता गर्दै जाने हो भने कुनै पनि विषयमा रहेको विवाद कहिले

पनि समाधान नहुने अवस्था सिर्जना हुने तथा सो कार्य नेपालको संविधान, एकापक्षीय कानुन तथा प्राकृतिक न्यायको सिद्धान्तको बर्खिलाप समेत रहेको अवस्था छ ।

४. अतः निजले उपरोक्त जग्गाको विवादको विषयमा सम्पूर्ण जानकारी हुँदा हुँदै पनि जग्गा आफ्नो नाममा रजिष्ट्रेशन गराई हाल अदालतबाट न्याय निरुपण भई सकेको विषयमा हकदैया विना पुनः यस न्यायिक समितिमा उजुरी दर्ता गर्ने कार्य गरेको, निजहरुले जग्गा रजिष्ट्रेशन गर्नुभन्दा पहिला जग्गा नापजाँच गरी फिल्ड एकिन गरी मात्र जग्गा पास गर्नुपर्नेमा सो कार्य नगरेको, निजको जग्गा पुऱ्याउने दायित्व हाम्रो नभई निजको दताको नै भएको, निजको जग्गामा हाम्रो साँधसमेत नजोडिएको, पहिला आफ्नो जग्गाको साँध सिमाना एकिन गरी जग्गा खरिद तथा नापजाँच गर्नु पर्नेमा सो नगरी हामीलाई कुनै जानकारी समेत नगराई एक्कासी उजुरी दर्ता गरेको तथा यदि निजहरुले खरिद गरेको जग्गा कच्चा नकरा परी मर्का पर्न गएको भए सो जग्गाको विक्रीकर्ता उपर क्षेत्राधिकारयुक्त अदालतमा सोही विषयमा नालेश दर्ता गर्नुपर्नेमा सो नगरी मेरो विरुद्धमा यस न्यायिक समितिमा उजुरी दर्ता गरेको हुँदा निजको झुठा तथा बनावटी उजुरी खारेज गरी न्याय इन्साफ पाऊँ । विपक्षी वादीले भन्नु भए अनुसारको नाप नक्सा गरी आफ्नो जग्गा एकिन गर्न तपाईको विक्रीकर्तासँग नै नाप, जाँच, नक्सा यकिन गरिलिनु पर्नेमा मलाई विना कारण दुःख दिई जग्गा हडप्ने मनसाय राखि गरेको उजुरी कानुनी नजरमा बदर हुने नै हुँदा म मेरो पुर्खौली सम्पत्ति मुद्दा हाल्दैमा छोडेर हिँड्नु पर्ने होइन । विपक्षीले मेरो घरको सुर सुरमा आई नाप, जाँच गरी नाप्दैमा पाउने होइन । यसरी श्री उच्च अदालत पाटनबाट समेत न्याय निरुपण भएको विषयमा स्थानीय तहमा मुद्दा मामिला गर्न नमिल्ने कुरालाई विचार गरी न्याय पाउँ ।

**<u>वादीको साक्षीको कथन तथा प्रमाणको विश्लेषण</u>**

**<u>दुवै पक्षबाट उपस्थित भएका कानुन व्यवसायीको बहसको मुख्य बुँदा</u>**

दुवै पक्षले मुद्दामा कानुन व्यवसायी राखेका छैनन् ।

**<u>दुवै पक्ष बीच फरक परेको विषय</u>**

दुवै पक्ष बिचमा कि.नं. ४५९ र ४९४ को जग्गको सिमाना के कति हो ? भन्ने विषयमा मुख नमिलेको देखिन आयो ।

**<u>निर्णय खण्ड</u>**

यस मुद्दाका सबै कागज बुझी नियमअनुसार विभिन्न मितिमा छलफलमा समावेश भई नियम बमोजिम दैनिक पेशी सूचीमा चढी हुन आएको प्रस्तुत मुद्दामा निवेदकका तर्फबाट स्वयम् निवेदक श्री केशवप्रसाद अधिकारीले राख्नु भएको कुरा र बहस समेत सुनियो । कुरा राख्ने क्रममा वादीको नामको जग्गा कि.नं. ४५९ र ४९४ को जग्गा विपक्षीको घर सम्म पर्छ भन्ने माग दावी देखियो भने विपक्षीले साविक देखि नै पुर्खौली सम्पत्ति जोत, भोग र तिरो तिर्दै आएको हो । मेरो छोरो मदन भुर्तेलको नाममा दर्ता कायम रही निजको परलोक पश्चात् निजको श्रीमती मेरी बुहारी रञ्जिता भुर्तेल-१, नाबालक नाती मन्दिप भुर्तेल-१, नाबालक नातिनीहरु ...ती

भुर्तेल -१ र मन्दिरा भुर्तेल-१ समेत जना ४ को संयुक्त नाममा दर्ता कायम रहेको का.जि. वाडभन्ज्याङ्ग गा.वि.स. वडा नं. २(ख) कि.नं. २४७, ८० र १६१ को क्षेत्रफल ०-४-२-०, १-१०-२-० र ०-४-३-० जग्गा रहे भएको देखिन्छ । वादीको मागदावी नियमित अदालती प्रकृयाबाट निरुपणको लागि श्री उच्च अदालत पाटनको मिति २०७३।२।१२ को निर्णय तथा मिति २०७२।९।५ मा जारी भएको निषेधाज्ञाको अन्तरिम आदेश निस्कृय गरिएको निर्णय र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ को उपदफा (१) र (२), मुलुकी देवानी कार्यविधि संहिता ऐन, २०७४ को दफा १७, २७, ४७ र ४९ तथा न्याय प्रशासन ऐन, २०७३ को दफा ९ बमोजिम यस मुद्दामा निवेदकले माग दावी सम्बन्धी कारवाही मौकामा नै थाहा पाई दुई तह कानुनी उपचारको बाटो उपयोग गरी त्यस पछि चुप लागेर बसी मौकामा आफ्नो हक अधिकार प्रति जागरुक नभई करिव धेरै समयको अन्तरालपछि विलम्ब भएकोले बाटो गलत अप्नाई तल्लो न्यायिक निकाय समक्ष नभई नियमित अदालती प्रक्रिया मार्फत श्री सर्वोच्च अदालतमा पुनरावेदन म्यादै भित्र जानुपर्ने थियो हदम्याद र अधिकार क्षेत्र विहिन यो निवेदकको निवेदन दावी पुग्न नसक्ने देखिन्छ । अरुमा तपसिल बमोजिम गर्नु ।

### तपसिल खण्ड

- माथि निर्णय खण्डमा निवेदन दावी पुग्न नसक्ने ठहरेकाले यस निर्णयमा चित्त नबुझे स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ८ को दफा ५१ बमोजिम म्याद ३५ दिन भित्र श्री जिल्ला अदालत, काठमाडौंमा पुनरावेदन गर्नुहोला भनि निवेदकको नाउँमा पुनरावेदनको म्याद जारी गर्नु र निर्णयको जानकारी विपक्षीलाई समेत दिनु ............. १
- नक्कल माग्न आउने सरोकारवालालाई नियमअनुसार नक्कल दिनु ......................... २
- यस निर्णयको विद्युतिय प्रति अपलोड गरी सोको निस्सा निर्णयको पिठमा जनाई प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियमअनुसार गरी अभिलेख शाखामा बुझाइदिनु..३

न्यायिक समितिका

संयोजक श्री लिशा नकर्मी

सदस्य

श्री माधव के.सी.

सदस्य

श्री सुरेन्द्र के.सी.

निर्णय तयार गर्न सहयोग पुऱ्याउने

गणेश खत्री

कम्प्युटर टाइप गर्ने

चिरञ्जीवी खड्का

कानुनी सहजकर्ता

निरञ्जन गोपाल बतौला शर्मा

इति सम्वत् मिति २०७६ साल कार्तिक महिना ५ गते रोज ३ शुभम् ...........................